म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५४ शुक्रबार, १८ बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 1 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा बजाजको इभी अटो औपचारिक बिक्री

हेटौंडा, १७ बैशाख/१० वर्षदेखि ३ पांग्रे अटोका बेस्ट सेलर होराइजन अटो प्रालिले हेटौंडामा इभी अटोको औपचारिक बिक्री सुरुवात गरेको छ ।

होराइजन अटो प्रालि बजाजको अधिकृत बिक्रेताले समयको माग र ग्राहकको सुबिधालाई मध्यनजर गर्दै इभी अटो लन्च गरेको होराइजन अटो प्रालिका संस्थापक संचालक लालकाजीरत्न बज्राचार्यले जानकारी दिए । हेटौंडामा प्रालिका संस्थापक संचालक राजुरत्न बज्राचार्य, लालकाजीरत्न बज्राचार्य, अटो ब्यवसायी बिपिन पाण्डे, मनोज लामिछानेको उपस्थितिमा इभी अटो लन्च गरिएको हो ।

कम्पनीले तोकेको बिक्री मूल्यमा अटो ४० देखि ५० प्रतिशत डाउन पेमेन्ट ० प्रतिशत ब्याजदर र सरल फाइनान्स सुबिधा रहेको प्रालिले जनाएको छ । अटो बिक्रेतामा संसारकै १ नम्बर बिक्रेता बजाजको यो प्रस्तुति अत्याधिक बजार लिने प्रालिको दाबी छ । ३ वर्षसम्म वारेन्टी रहेको अटोको पार्टस सजिलै पाइने, सर्भिस र चार्जिङ सरल हुने जनाइएको छ ।

### 'प्रशासन चलाउने र शासन चलाउनेबीच छलफल हुनु स्वभाविक'

## कपोकल्पित समाचारले काम गर्न असहज: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले सञ्चारमाध्यममा आउने कपोकल्पित समाचारले प्रदेश सरकारलाई काम गर्न असहज भएको गुनासो गरेका छन् ।



बिहीबार मुख्यमन्त्री कार्यालयमा सञ्चारकर्मीसँगको अन्तरसंवादमा मुख्यमन्त्री बानियाँले प्रदेशबासीको हितमा सरकारले काम गरिरहे पनि तथ्यहिन समाचार आउने गरेकोप्रति असन्तुष्टि व्यक्त गरे । काम गर्ने सिलसिलामा प्रशासन चलाउने र शासन चलाउने बीच छलफल हुनु स्वभाविक भएपनि त्यसलाई कतिपय सञ्चार माध्यमले अतिरञ्जित ढंगले प्रस्तुत गरेको उनको भनाई छ । यस किसिमको प्रवृत्तिले स्वतन्त्र, निष्पक्ष र खोजमुलक पत्रकारितामाथि नै गम्भीर प्रश्न उठेको मुख्यमन्त्री बानियाँले बताए ।

उनले तथ्य र सत्यमा आधारित समाचार प्रकाशन गर्न आग्रह गरे । मुख्यमन्त्री बानियाँले बजेट खर्चको अवस्थादेखि जनतालाई चुस्तदुरुस्त सेवा दिन मन्त्रालयका सचिवहरुसँग निरन्तर छलफल गरिरहेको जानकारी दिए । विशेष गरी जनतासंग प्रत्यक्ष सरोकार राख्ने यातायात कार्यालयहरुको डिजिटलाइजेशन प्रक्रियालाई सरकारले प्राथमिकतामा राखेको उनले बताए । कतिपय आयोजनालाई प्रदेश गौरवको आयोजनाको रुपमा अघि बढाउने कि नबढाउने भन्ने विषयमा प्रमुख सचिवसँग सामान्य मतभेद भएको मुख्यमन्त्री बानियाँले स्वीकार गरे । यद्यपि सञ्चार माध्यममा समाचार आएको जस्तो नभएको उनले स्पष्ट पारेका छन् ।

मुख्यमन्त्री बानियाँले विगतको अभ्यास भन्दा प्रदेश सरकारले फरक ढंगले अघि बढ्न मन्त्रीपरिषद् बैठकले सो निर्णय गरेको बताए । उनका अनुसार कम रकम विनियोजन भएको योजनालाई निश्चित मापदण्ड बनाएर बहुवर्षीय ठेक्कामार्फत् सरकारले अघि बढाउन खोजेको हो । विगतको सरकारको सामान्य त्रुटिले गौरीटार रंगशाला जस्तो गौरवको आयोजनामा १ लाख रुपैयाँ विनियोजन भएको उनले बताए । यो अवस्था अन्य योजना तथा कार्यक्रममा पनि भएकाले त्यसलाई व्यवस्थापन गर्न स्रोत तथा नीतिगत समस्या भोग्नु परेको उनले बताए । सरकारले विगतका सबै कमजोरीहरुलाई सच्याएर हाल विकासका आयोजनालाई प्राथमिकताकासाथ अघि बढाएको उनले बताए ।

बजेटको प्रभावकारी कार्यान्वयनमा सरकारले जोड दिएको मुख्यमन्त्री बानियाँले बताए । मुख्यमन्त्रीले कुल ६७ अर्बको बजेटमध्ये ४१ अर्ब पुँजीगतखर्च रहेको र त्यसलाई पारदर्शी ढंगले खर्च भइरहेको बताए । मुख्यमन्त्री बानियाँले सञ्चारमाध्यमलाई नियमन गर्ने निकायलाई प्रभावकारी बनाउनु पर्ने बताए । समाजलाई सही दिशामा लैजान सञ्चारकर्मीले नकारात्मक समाचारलाई प्रश्रय दिननहुनेमा उनले जोड दिए । मुख्यमन्त्री बानियाँले गठबन्धन दलबीचको छलफलबाटै वैशाख महिनाभित्रै सभामुखको टुंगो लाग्ने बताए । मन्त्रालयको संख्यामा भारी गिरावट हुने पनि उल्लेख गर्दै उनले राम्रो कामगर्न धेरै सकस हुने बताएका छन् ।

राजनीतिक सहमतिको आधारमा प्रादेशिक प्रशासनिक पुनर्संरचनाको लागि गठित समितिको प्रतिवेदनलाई कार्यान्वयनमा लैजान उनले जानकारी दिएका छन् ।

'प्रशासनिक सुधार सरकारको पहिलो प्राथमिकता हो । अहिले कायम रहेका मन्त्रालयको संख्या धेरै हुँदा खर्च बढेको छ । त्यसैले हामी मन्त्रालय संख्या कटौती गरेर सरकारलाई छरितो र कार्यकुशल बनाउँदै छौं । यो कार्य आगामी बजेटअघि नै कार्यान्वयनमा आउनेछ' उनले भने, 'विगतमा कतिपय महत्वपूर्ण र गौरवका आयोजनामा न्यून बजेट विनियोजन गरेर काममा अवरोध भइरहेको थियो । त्यसलाई व्यवस्थापन गर्न निकै कठिनाइ भयो ।'

मुख्यमन्त्री बानियाँले मन्त्रालय कटौतीको निर्णय बजेट भन्दा अगाडि नै आउने र नयाँ आर्थिक वर्षदेखि निर्णय कार्यान्वयन हुने बताए । अन्तरसंवादमा मुख्यमन्त्री कार्यालयका सचिव बाबुराम गौतमले कार्यालयको कामकारवाहीको विषयमा केही सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका थिए । कार्यालयसँग जोडिएका समाचार प्रकाशन गर्नुपूर्व आधिकारिक व्यक्तिसँग सूचनाको सत्यताबारे जानकारी लिई तथ्यमूलक समाचार प्रकाशन गर्न पनि उनले आग्रह गरे । कार्यक्रममा प्रमुख सचिव बाबुराम अधिकारी, सचिव रामबाबु पुरीलगायत सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

**प्रमुखसचिवले मन्त्रीपरिषद बैठकको निर्णय प्रमाणिकरण नगर्दा कार्यान्वयनमा समस्या**

बागमती प्रदेशको मन्त्री परिषदको बैठकले निर्णय गरेका विषयलाई प्रमुखसचिवले प्रमाणिकरण गर्न नमान्दा बैठकको निर्णय कार्यान्वयनमा समस्या भएको छ ।

गत पुस ३० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णय कार्यान्वयनमा आउन सकेन । मन्त्री परिषद बैठकले प्रदेश गौरवका आयोजनाका रुपमा १६ वटा आयोजनालाई अगाडि बढाउने निर्णय गरेको थियो । यो निर्णय प्रदेशका प्रमुखसचिव बाबूराम अधिकारीले प्रमाणीकरण गर्न नमान्दा कार्यान्वयनमा आउनै सकेन । प्रमुखसचिवले प्रमाणीकरण नगरेको कारण निर्णय कायान्वयनमा आउन नसकेको प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बताएका छन् ।

विभिन्न मन्त्रालयहरुको प्रस्तावमा प्रदेश गौरवका आयोजना बैठकबाट पारित गरिएको थियो । प्रदेश गौरव आयोजनाका छनोट मापदण्ड र सार्वजनिक ठेक्का सम्बन्धी मापदण्डका व्यवस्थाअनुसार कम विनियोजन भएका आयोजनालाई पनि प्रदेश गौरवका आयोजनाका रुपमा लाने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको थियो ।

## पालिकाबाटै नापी र मालपोत सेवादिन २ सय बढी स्थानीय तह तयार




साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/स्थानीय तहबाटै नापी तथा मालपोत सेवा दिन २०७ वटा पालिका इच्छुक देखिएका छन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक साता नापी तथा मालपोत कार्यालयको सेवा स्थानीय तहबाटै दिन इच्छुक पालिकालाई सहभागीका लागि सूचना आह्वान गरेको थियो ।

सोहीअनुसार बिहीबार सम्म धरान उपमहानगरपालिका सहित २०७ वटा पालिकाले स्थानीय तहबाट सेवा दिन इच्छुक रहेको जानकारी सहित मन्त्रालयमा निवेदन पठाएका छन् । हुम्लाको सर्केगाड गाउँपालिका, इलामको चुलाचुली गाउँपालिका, सर्लाहीको चक्रभट्टा गाउँपालिका, कञ्चनपुरको बेलडाँडी गाउँपालिका सहित घोराही उपमहानगरपालिका, धरान उपमहानगरपालिका र धनगढी उपमहानगरपालिका समेत रहेका छन् । यस्तै भरतपुर महानगर र पोखरा महानगरले समेत स्थानीय तहबाटै नापी तथा मालपोतको सेवा दिन तयार रहेको भन्दै मन्त्रालयमा निवेदन पठाएका छन् ।

मन्त्रालयले प्राप्त निवेदन उपर अध्ययन थालेको छ । मन्त्रालयले चरणबद्धरुपमा इच्छुक सबै पालिकालाई सेवा हस्तान्तरण गर्ने योजनाअनुसार पहिलोचरणमा केही पालिका छनोट गरी नापी तथा मालपोतसम्बन्धी सेवा स्थानीय तहमा हस्तान्तरण गर्ने तयारी सुरु गरेको छ । पालिका छनोट गर्दा सेवाग्राहीको चापको अवस्था, पहुँच तथा व्यवस्थापन क्षमतालाई आधार मानी कम भिडभाड भएका साथै अत्यधिक सेवाचाप रहेका पालिकालाई प्राथमिकता दिइने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको छ ।

इच्छुक पालिका रहेका जिल्लास्थित नापी तथा मालपोतका अधिकारीहरुलाई तत्काले स्थानीय तहमा पुगेर स्थलगत अनुगमन गरी वस्तुस्थिति जानकारी गराउन मन्त्रालयले बिहीबार नै पत्राचार गरेको छ । नापी तथा मालपोत सेवाप्रवाहका लागि स्थानीय तहलाई आवश्यक प्राविधिक तथा जनशक्ति व्यवस्थापन गर्ने मन्त्रालयले जनाएको छ । मन्त्रालयले पालिकालाई आवश्यक सामग्रीसहित कर्मचारीलाई तालिम र प्रशिक्षण दिने तयारी गरेको छ । एक साताभित्रै सबै तयारी पुरा गरेर केही पालिकामा नापी र मालपोत सेवा हस्तान्तरण गर्ने मन्त्री रावलको सचिवालयले जनाएको छ ।




## पाक्षिक तलब भुक्तानी गर्ने हेटौंडा खानेपानी बोर्ड पहिलो कार्यालय



साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/मकवानपुर जिल्लामै पहिलोपटक पाक्षिकरुपमा तलब भुक्तानी गर्ने कार्य हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले सुरु गरेको छ ।

नेपाल सरकार, अर्थ मन्त्रालयले गत वैशाख ४ गते पाक्षिक अवधिमा तलब भुक्तानी गर्न निर्देशनसहित परिपत्र जारी गरेपछि बोर्डले यो व्यवस्था कार्यान्वयनमा ल्याएको हो । अर्थ मन्त्रालयको परिपत्रमा राष्ट्रसेवक कर्मचारीको तलबभत्ता सुविधा मासिक भुक्तानी गर्नुको सट्टा पाक्षिकरुपमा उपलब्ध गराउने व्यवस्था मिलाउन भनिएको छ । सोही निर्देशनअनुसार बोर्डले आफ्ना कर्मचारीलाई पाक्षिकरुपमा तलब वितरण थालेको जनाएको छ । पाक्षिक तलब भुक्तानी प्रणाली लागू भएसँगै कर्मचारीले मासिक तलब एकमुष्ट पाउने सट्टा दुई किस्तामा पाउनेछन् ।

यसले कर्मचारीको नगदप्रवाह व्यवस्थापनमा सहजता ल्याउने तथा आर्थिक अनुशासन मजबुत बनाउने अपेक्षा गरिएको बोर्डले जनाएको छ । सरकारले सार्वजनिक वित्त व्यवस्थापनलाई थप व्यवस्थित र पारदर्शी बनाउन यस्तो प्रणाली लागू गरेको बताइएको छ । जिल्लास्तरमा यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने पहिलो संस्थाकारुपमा हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड अगाडि देखिएको छ ।

## प्रदेश र स्थानीय सरकारको अधिकारका सवाललाई व्यवस्थित बनाउने



साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/बागमती प्रदेशको प्रदेश समन्वय परिषद्को छैटौं बैठक हेटौंडामा सम्पन्न भएको छ । बैठकमा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानयाँले तीनै तहका सरकारबीचको समन्वय र सहकार्यलाई सबल बनाउनुपर्ने बताए ।

उनले संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्वलाई मजबुत बनाउनुपर्ने भन्दै प्रदेश सरकारले जिल्ला समन्वय समितिलाई आगामी आर्थिक वर्षमा के के कार्यसम्पादन गर्ने र कति बजेट आवश्यक हुने हो प्रस्ताव गर्न आग्रह गरे । मुख्यमन्त्री बानियाँले सशर्त, समानीकरण लगायत अनुदान, विपद् व्यवस्थापनका विषयमा छलफल भएकोले सबै विषयलाई व्यवस्थित गरेर कार्यसम्पादन गर्नुपर्नेमा जोड दिए । स्थानीय सरकार र प्रदेश सरकारबीचको हरेक समस्याको समाधानका लागि सहज ढंगले सहजीकरण गर्न समन्वय परिषद्को बैठक बसेको उनको भनाई छ । बागमती प्रदेशभित्रका ११९ स्थानीय तहमा कृषि, सडक, पूर्वाधार विकासलगायत प्रदेश र स्थानीय सरकारको अधिकारका सवाललाई व्यवस्थित बनाउन समन्वय र सहकार्यका लागि छलफलसँगै बैठकले परिषद्को बैठक वार्षिकरुपमा दुईपटक गर्ने निर्णय गरेको छ ।

यसअघि परिषद्को बैठक वार्षिकरुपमा एकपटक बस्दै आएकोमा समन्वय र सहकार्यलाई सुदृढसँगै समस्या तत्काल समाधानका लागि दुईपटक बस्ने निर्णय गरिएको हो । बैठकमा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज अधिकारी, आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ, मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार दामोदर खनाल, बागमती प्रदेश सरकारका प्रमुखसचिव बाबुराम अधिकारी, मुख्यमन्त्री कार्यालयका सचिव बाबुराम गौतम, समितिका सदस्यहरु जिल्ला समन्वय समिति प्रमुखहरु, नगरपालिका प्रमुख तथा उपप्रमुख र गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षलगायतको सहभागिता रहेको थियो । बैठकमा परिषद्का नवनियुक्त सदस्यहरुलाई स्वागत गरिएको थियो ।

साझाकुरा

## हाम्रो कुरा

# 'कलाघर' को लागि बजेट दिनुपर्छ

नेपाली मौलिक संस्कृतिको पहिचान, संरक्षण र प्रवर्द्धन आजको आवश्यकता मात्र होइन, राष्ट्रिय दायित्व पनि हो । विश्वव्यापीकरण, आधुनिकता र उपभोक्तावादी संस्कृतिको तीव्र प्रभावका कारण नेपाली समाज आफ्नै जरा बिर्सँदै गएको सन्दर्भमा यस्ता मौलिक प्रयासहरु झन् महत्वपूर्ण बन्दै गएका छन् । यही सन्दर्भमा सिन्धुलीको कमलामाई नगर पालिका-३ मा अवस्थित राष्ट्रिय कला संग्रहालय सिन्धुली कलाघर नेपाली मौलिक संस्कृति जोगाउने एक प्रेरणादायी केन्द्रकारुपमा उभिएको छ । यहाँ पुग्ने जो कोहीलाई कलाघरले लोभ्याउने गरेको छ । हालै कलाघरका प्रतिनिधिहरुले बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँसँग आवश्यक बजेट विनियोजनको माग गर्दै भेट गर्नु सकारात्मक र समयसापेक्ष कदम हो । कलाघरका परिकल्पनाकार तथा अध्यक्ष चित्रबहादुर थापामगर 'सुमन'को नेतृत्वमा पुगेको टोलीले हालसम्मको प्रगतिविवरण प्रस्तुत गर्दै पुनर्निर्माण र थप विकासका लागि सहयोग माग्नु केवल संस्थागत हितका लागि मात्र होइन, समग्र नेपाली कला र संस्कृतिको हितका लागि गरिएको आग्रह हो ।

सिन्धुली कलाघरको विशेषता भनेको यसले स्थानीय सीमामा आफूलाई बाँधेको छैन । विश्वका १ सय ९५ देशलाई कलाको माध्यमबाट प्रस्तुत गर्दै 'विश्वलाई कलामार्फत् सजाएर देखाउने' लक्ष्यका साथ अघि बढ्नु आफैंमा साहसी र दूरदर्शी सोच हो । नेपाली मौलिकता र विश्व संस्कृतिबीच सेतु निर्माण गर्ने यस्तो प्रयासले नेपाललाई अन्तर्राष्ट्रिय सांस्कृतिक नक्सामा चिनाउने ठूलो सम्भावना बोकेको छ । कला केवल मनोरञ्जन होइन, कूटनीति, पहिचान र आर्थिक सम्भावनाको सशक्त माध्यम पनि हो भन्ने तथ्य कलाघरले व्यवहारमै देखाइरहेको छ । भविष्यमा कलाकारका लागि आश्रम, सांस्कृतिक विश्वविद्यालय र कला अनुसन्धान केन्द्र स्थापना गर्ने योजना अझै महत्वाकांक्षी छ । यसबाट सयभन्दा बढीलाई रोजगारी प्रदान गर्ने लक्ष्यले कला र संस्कृतिलाई रोजगारी र आत्मनिर्भरतासँग जोड्ने स्पष्ट दृष्टिकोण देखिन्छ । आजको युवापुस्ता रोजगारीको खोजीमा विदेशिन बाध्य भइरहेका बेला स्वदेशमै कला, संस्कृति र सिर्जनाबाट जीवनयापन गर्न सकिने वातावरण बनाउनु राज्य र समाज दुवैका लागि लाभदायक हुनेछ । कलाघरका कलाकारले मौलिक पोशाकमा पञ्चेबाजा बजाउने, त्यसको प्रशिक्षण दिने तथा पुस्तान्तरण गर्ने काम गरिरहेका छन् । पञ्चेबाजा जस्तो मौलिक सांस्कृतिक धरोहर संरक्षणका लागि यस्ता अभ्यास अत्यन्तै आवश्यक छन् । कागजमा सीमित नीति र घोषणाभन्दा यस्ता व्यवहारिक प्रयासले नै संस्कृति जीवित रहन्छ ।

यसमा राज्यको साथ, निरन्तर बजेट र दीर्घकालीन योजना अपरिहार्य हुन्छ । बागमती प्रदेश सरकारले विगतदेखि नै कलाघरका लागि बजेट विनियोजन गर्दै आएको तथ्य स्वागतयोग्य छ । तर, बदलिँदो समय, बढ्दो लक्ष्य र संरचनागत आवश्यकतालाई मध्यनजर गर्दै अब अझ व्यवस्थित, पर्याप्त र दीर्घकालीन लगानीको खाँचो छ । संस्कृति संरक्षणलाई अनुदानको रुपमा होइन, संततीका लागि लगानीको रुपमा हेर्ने दृष्टिकोण विकास गर्न सकिए मात्र यस्ता संस्थाहरु दिगो बन्छन् । बाहिरबाट सामान्य देखिने सिन्धुली कलाघरभित्र संग्रहित अद्भूत कला, गौरीशंकर हिमालको टाकुरोबाट टल्किने दृश्य, शान्त परिवेश र प्राकृतिक सुन्दरता आफैंमा एक गहिरो अनुभूति हो । यहाँ पुग्ने जो-कोही प्रेरित हुन्छ, मोहित हुन्छ । यो केवल संग्रहालय होइन, नेपाली आत्माको प्रतिबिम्ब पनि हो । सिन्धुली कलाघर जस्ता संस्था नेपाली मौलिकताको सम्मान, संस्कृति प्रवर्द्धन र सम्पूर्ण कला सिकाइका केन्द्र हुन् । यिनको संरक्षण र विकासमा राज्य, प्रदेश सरकार, स्थानीय तह र समाज सबैको साझा जिम्मेवारी छ । आज गरिएको लगानीले भोलि नेपाली पहिचानलाई विश्वसामु गर्वका साथ उभ्याउनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख १९ गते शनिबार २ मे २०२६ । प्रतिपदा, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:२६ सूर्यास्त ६:३७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# आधुनिक महिलाका बुलन्द आवाज



✍ निशा चौधरी

आजको २१ औं शताब्दीमा महिलाका आवाज इतिहासकै सबैभन्दा बलियो, स्पष्ट र प्रभावकारीरुपमा सुनिन थालेका छन् । कहिल्यै बोल्न नदिइएका महिलाहरु आज समाज, राजनीति, शिक्षा, विज्ञान, व्यवसाय, कला, संस्कृति, प्रविधि लगायत जीवनका हरेक क्षेत्रमा आफ्नो उपस्थिति मात्र जनाइरहेका छैनन्, नेतृत्वदायी भूमिकासमेत सशक्तरुपमा निर्वाह गरिरहेका छन् ।

आजको युग महिलाको युग भनेर व्याख्या गरिनुमा त्यसको प्रमुख आधार हो- महिलामा बढ्दो चेतना, शिक्षा, सशक्तीकरण र आफ्नै आवाजलाई पहिचान दिलाउन गरिएको निरन्तर संघर्ष । आधुनिक महिलाको आवाज र परिवर्तनको यात्रा केवल सामाजिक परिवर्तनको कथा मात्र होइन, यो आत्मसम्मान, अधिकार, अवसर अनि स्वतन्त्रताको निरन्तर खोजी पनि हो । अहिलेको युगलाई डिजिटल युग पनि भनिन्छ । सूचना, सञ्चार र प्रविधिको तीव्र विकाससँगै समाजका हरेक क्षेत्र डिजिटल हुँदै गएका छन् । यस परिवर्तनको केन्द्रमा आधुनिक महिला पनि सशक्तरुपमा उभिएका छन् । पहिले सीमित अवसरमा बाँधिएका महिला आज डिजिटल प्रविधिको सहायताले शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, राजनीति र सामाजिक अभियानमा उल्लेखनीय भूमिका निर्वाह गरिरहेका छन् ।

आधुनिक महिलाको आवाज सर्वप्रथम आत्मपहिचान र स्वतन्त्रताप्रति केन्द्रित छ । उनीहरु अब कसैको सहमतिमा होइन, आफ्नै निर्णयमा जीवन अगाडि बढाउन चाहन्छन् । विवाह, शिक्षा, रोजगारी, सन्तान हरेक विषयमा उनीहरुको मत निर्णायक बन्न थालेको छ । महिलाले घरभित्रको काम गर्नुपर्छ भन्ने पुराना साँचाहरु भत्काउँदै आधुनिक महिलाले आफ्नो अस्तित्वलाई स्वतन्त्र नागरिकका रुपमा स्थापित गरेको देखिन्छ ।

आधुनिक महिलाको आवाज अधिकार र न्यायका लागि पनि उस्तै सशक्त छ । डिजिटल मिडियाले महिलालाई सामाजिक आवाज उठाउने बलियो माध्यम दिएको छ । महिला अधिकार, लैङ्गिक समानता, हिंसाविरुद्धको अभियान र सामाजिक न्यायका मुद्दाहरु सामाजिक सञ्जालमार्फत व्यापकरुपमा उठाइएका छन् । यसले महिलालाई केवल सहभागी मात्र होइन, नेतृत्वकर्ताको रुपमा पनि स्थापित गरिरहेको छ ।

आधुनिक महिला डिजिटल प्लेटफर्ममार्फत समाज परिवर्तनको अग्रपङ्क्तिमा उभिन थालेका छन् । घरेलु हिंसा, लैङ्गिक विभेद, असमान ज्याला, बलात्कार, मानव बेचबिखनजस्ता मुद्दामा उनीहरु अब मौन बस्दैनन् । सामाजिक सञ्जालले उनीहरुको आवाजलाई हजारौं-लाखौं मानिससम्म पुर्‍याएको छ । महिलाहरु अब पीडित होइन, प्रतिरोधको प्रतीक बनेर उठ्दै छन् । सामाजिक संरचनाले महिलालाई लामो समयसम्म घर-परिवारको दायरामा सीमित गरेर राख्यो । घरभित्रका कामसँगै विभिन्न जिम्मेवारीमा जीवन कैद थियो । तर शिक्षा प्राप्त गर्दै जाँदा महिलाहरुले म पनि सक्षम छु, मसँग पनि आवाज छ, म पनि परिवर्तनको केन्द्र बन्न सक्छु भन्ने बुझ्न थाले । यही बोधले हजारौं महिलालाई मौनताबाट बुलन्द आवाजको यात्रामा धकेलेको यथार्थ हो । आधुनिक महिलाको परिवर्तनको मुख्य आधार शिक्षा र अर्थिक स्वतन्त्रता हो ।

उच्च शिक्षा प्राप्त महिलाहरुले आफू अनुकूल करियर (पेसा, व्यवसाय) छान्न थालेका छन् । जागिररत महिलाहरूले आर्थिक स्वतन्त्रताको स्वाद पाएपछि निर्णय प्रक्रियामा ठूलो भूमिका खेल्न थालेका छन् । व्यापार, नेतृत्व, प्रविधि, अनुसन्धानदेखि राजनीतिसम्म महिलाको सहभागिता तीव्ररुपमा बढेको छ । अब महिलाहरु केवल घर सम्हाल्ने मात्र होइन, समाज र राष्ट्र सम्हाल्ने शक्ति बनेका छन् । अहिलेका महिला आफ्नो पहिचान आफैं बनाउँदै छन् । उनीहरुको आवाज स्पष्ट, दृढ र स्वतन्त्र छ । विवाह वा परिवार बनाउनु व्यक्तिगत छनोट हो । करियरलाई प्राथमिकता दिनु विकल्प हो, बाध्यता होइन । आत्मसम्मानलाई पहिलो स्थान दिनु आधुनिक महिलाको पहिचान हो । लैङ्गिक असमानता र हिंसाको विरोधमा उनीहरुको भूमिका अहिले अग्रपंक्तिमा छ । उनीहरु अब समस्याको सिकार मात्र होइनन्, समाधानको नेतृत्वकर्ता पनि बनिरहेका छन् ।

आधुनिक समाजको निर्माणमा महिलाको भूमिका दिन-प्रतिदिन सशक्त बन्दै गएको छ । लामो समयसम्म मौनता, विभेद र असमानताको घेराभित्र सीमित महिलाको आवाज आज आत्मविश्वास, चेतना र अधिकारको प्रतीक बनेको छ । आधुनिक महिलाको आवाज केवल व्यक्तिगत अभिव्यक्ति मात्र होइन, यो न्याय, समानता र समावेशी समाज निर्माणको सशक्त आन्दोलन हो । समाजको उन्नति र प्रगतिमा महिलाको भूमिका आज अनिवार्य र निर्णायक बनिसकेको छ ।

विश्वभरि समानता, स्वतन्त्रता र पहिचानको खोजीमा महिलाहरुले नयाँ आयाम निर्माण गरिरहेका छन् । आधुनिक महिलाको आवाज केवल आवाज मात्र होइन, यो चेतना, संघर्ष र सफलताको यात्रा हो । पुराना परम्परागत सोचाइहरुले महिलालाई घरभित्र सीमित राख्ने प्रयास गरे पनि आजको पुस्ताले त्यस्ता सीमालाई भत्काउँदै अघि बढिरहेका छन् ।

शिक्षामा महिलाको पहुँच बढेको छ । रोजगारीका अवसर विस्तार हुँदै छन् । प्रविधिले महिलालाई अनलाइन व्यवसाय, फ्रिलान्सिङ सीप विकासजस्ता क्षेत्रतर्फ आकर्षित गरिरहेका छन् । उद्योग व्यवसाय, स्टार्टअप र वित्तीय क्षेत्रमा महिलाको सक्रियता बढेको छ । विद्यालयदेखि विश्वविद्यालयसम्म महिला प्रतिभा अझै उत्कृष्ट नतिजाका साथ उभिइरहेका छन् । शिक्षित महिला नै सशक्त समाजको आधार भएकोले डिजिटल शिक्षा आधुनिक महिलाको सशक्तीकरणको मुख्य आधार बनेको छ । आजका महिलाहरुमा म नेतृत्व गर्न सक्छु भन्ने बुलन्द आवाज घन्किइरहेको छ ।

प्रविधि र डिजिटल जगतले महिलाको आवाजलाई घर-परिवारको साँघुरो घेराबाट विश्वव्यापी बनाइदिएको छ । सामाजिक सञ्जालमार्फत उनीहरुले आफैंले भोगेका अन्याय र अत्याचारलाई उजागर गर्न सकेका छन् । डिजिटल सीपले उनीहरुलाई घरमै बसेर व्यवसाय शुरु गर्न सक्षम बनाएको छ । अनलाइन शिक्षा, रिमोर्ट वर्क तथा ई-कमर्सले नयाँ जीवनशैली निर्माण गरिदिएको छ । आजको महिला निडर, सचेत र अवसर खोज्न सक्षम छन् ।

राजनीति, सार्वजनिक प्रशासन, अन्तर्राष्ट्रिय संघसंस्था, सुरक्षा निकाय, सञ्चार जगत् सबै क्षेत्रमा महिलाहरु नेतृत्वदायी भूमिकामा उभिन थालेका छन् । मन्त्री, सांसद, सीईओ, डाक्टर, वैज्ञानिक, पाइलट, प्रधानन्यायाधीशदेखि प्रधान्मन्त्रीसम्म अब महिलाका लागि असामान्य होइनन् । उनीहरु आफ्नो क्षमता, परिश्रम र दृष्टिले संस्थाहरुलाई नयाँ दिशा दिइरहेका छन् । यही नेतृत्व आजका महिलाहरुको परिवर्तनको यात्रा कति टाढासम्म आइपुगेको छ भन्ने यथेष्ट र बलियो प्रमाण हो ।

आजका महिलाको आवाज र दबाब बढ्दै गएको छ तर समस्याहरु अझै पनि समाप्त भएका छैनन् । महिलाको यतिका प्रगतिसँगै अझै पनि केही बाधा तथा चुनौतीहरु यथावत् छन् । धेरै ठाउँमा अझै पनि बालविवाह, छाउपडी प्रथा, दाइजो प्रथा, घरेलु हिंसा, श्रम शोषणजस्ता समस्याहरु कायम छन् । प्रविधिको पहुँच भए पनि साइबर हिंसाजस्ता नयाँ खतरा बढ्दै गएका छन् । समाजमा अझै पनि पुरानो सोच र विचार बोकिरहेका मानव जाति छन् ।

घरायसी कामको सम्पूर्ण जिम्मेवारी अझै पनि महिलालाई नै थोपरिन्छ । आर्थिक स्वतन्त्रता हासिल गर्न कठिनाइ, शिक्षा र करियरमा अवसरको असमानता, घरेलु जिम्मेवारीको अत्यधिक बोझ, लैङ्गिक हिंसा र दुर्व्यवहार, पुरातन सामाजिक मान्यताहरु र परम्परागत सोच, मानसिक दबाब तथा तनावजस्ता चुनौतीहरु यथावत् नै छन् । विशेष गरी ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा तथा जनचेतनामा कमी, असुरक्षित मातृत्व, पोषणमा कमी, प्रजनन स्वास्थ्यजस्ता क्षेत्रमा महिलालाई आवश्यक सेवामा पहुँच पाउन कठिन छ ।

स्वास्थ्य सचेतना तथा पहुँच अभावले महिलाको क्षमता विकासमा बाधा पुर्‍याइरहेको छ । महिलाहरु डिजिटल प्रविधिको अवसरबाट अझै टाढा छन् । यी चुनौतीले आधुनिक महिलाको आवाजलाई अझ दृढ सजग र परिवर्तनकारी बनाउँदै छ । एक समय समाजमा महिला अधिकारको कुरा उठाउनु निकै चुनौती थियो तर अहिले तमाम चुनौतीका बाबजुद पनि हरबखत माथि उठ्न खोजिरहेछन् आजका महिलाहरु । आधुनिक महिलाको आवाज अब समाजको मूलधार बनिसकेको छ । आगामी दिनमा विभिन्न समस्या तथा चुनौतीलाई चिर्दै अझै धेरै महिलाहरु नेतृत्वमा पुग्नेछन् ।

डिजिटल उद्यमशीलतामा महिलाको सहभागिता बढ्नेछ । शिक्षा, स्वास्थ्य, कानुन र प्रविधिमा महिला विशेषज्ञहरुको नयाँ पुस्ता तयार हुनेछ । लैङ्गिक समानता केवल नारा नभई व्यावहारिक वास्तविकता बन्नेछ । घरेलु हिंसा, महिला तस्करी, दुर्व्यवहार र भेदभावविरुद्ध चेतना बढ्नेछ । कानुनले महिलाको अधिकारलाई अझै मजबुत बनाउनेछ । पुरुष र महिला दुवैले लैङ्गिक समानतालाई समाजले सहजै स्वीकार्नेछ । अबका महिलाहरुको आवाज डराइरहेको स्वर होइन, आत्मविश्वासले भरिएको अभिव्यक्ति बन्नेछ ।

आधुनिक महिलाको आवाज परिवर्तन, स्वाभिमान, सीप, सफलता, यात्रा, संघर्ष, प्रेरणा र उपलब्धिले भरिएको एउटा गौरवमय आवाज हो । यो आवाज उठ्न थालेपछि परिवार बदलिन्छ, समाज बदलिन्छ, राष्ट्र बदलिन्छ । महिलाको आवाजलाई दबाएर कुनै पनि सभ्यता उन्नत हुन सक्दैन । महिलाको आवाजलाई सुनेर, स्वीकारेर, साथ र अवसर दिएर मात्र न्यायपूर्ण, समतामूलक र समुन्नत समाज निर्माण गर्न सकिन्छ ।

यो यात्रा केवल महिलाको मात्र होइन, समग्र समाजको प्रगतिको यात्रा हो । आधुनिक महिला आज परिवर्तनको यात्री मात्र होइन, परिवर्तनको मेरुदण्ड पनि बनेका छन् । आधुनिक महिलाको आवाज र परिवर्तनको यात्रा केवल महिलाको कथा होइन, यो त समाज सभ्यता र मानवताको प्रगतिशील यात्राको कथा हो । जब महिला सशक्त हुन्छन्, तब समाज सशक्त हुन्छ । जब महिला बोल्छन्, तब परिवर्तन जन्मिन्छ । आजको आधुनिक महिला केवल भविष्यको आशा मात्र होइनन्, भविष्यको निर्माणकर्तासमेत हुन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# हजार माइलको निरंकुशता एकै पाइलाबाट सुरु हुन्छ

✍ बिनु सुवेदी

जनताले परिवर्तन चाहेका छन्, सायद नेताहरूले पनि ! तर जनताले चाहेको र नेताले चाहेको परिवर्तनको स्वरूप र शैली एउटै हो ? यदि यो समय निर्वाचन घोषणा गरेको दिनदेखि गत फागुन २१ सम्मको हुन्थ्यो भने 'हो' भन्न सकिन्थ्यो । पार्टी र नेताहरू जुन लयमा हिँडे पनि उनीहरूले सुनाउने निष्कर्ष समाजिक संरचनाको सबैभन्दा पिँधमा रहेका जनताका पक्षमा थिए । यो चुनावमा जसले जनतालाई कन्भिन्स गर्न सके तिनै जनताका नेता बने । राजनीतिक शक्तिको स्वरूप स्वाट्टै उल्टियो, सडकमा हुनेहरू सत्तामा पुगे, सत्तामा तीसौं वर्षदेखि राइँदाइँ गरेकाहरू सडकमा ओर्लिए । शासकीय दृष्टिकोणबाट हेर्दा भएको परिवर्तन जम्माजम्मी यत्ति नै हो । तर यो परिवर्तनको उद्देश्य केबल एउटा शक्तिलाई अर्को शक्तिले विस्थापन गर्नु थिएन । विभिन्न अपेक्षाहरूमध्ये मुख्य अपेक्षा त ट्र्याक बाहिर गएको राजनीतिलाई ट्र्याकमा ल्याउनु थियो ।

वर्षौंदेखि सञ्चित असन्तुष्टि, भ्रष्टाचार प्रतिको वितृष्णा, कमजोर सेवा प्रवाह र राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वासले जनमतलाई यस्तो दिशातिर धकेल्यो जहाँ नयाँ अनुहारलाई विकल्पका रूपमा सजिलै स्वीकार गरियो । तर यो स्वीकारोक्ति विश्वासको भन्दा बढी अस्वीकारको परिणाम थियो । हामीले गत निर्वाचनभन्दा पहिले साक्षात्कार गरेका मतदातहरूले भनेका थिए- पुरानाले गरेनन्, नयाँलाई हेरौं । तर उनीहरूले हामीलाई भनेका थिएनन् कि पुरानाले गरेनन्, नयाँले गर्छन् । जनताले शंकासहित गरेको अपेक्षालाई विश्वासमा परिणत गर्न नेतृत्वमा पुगेकाहरूले अधिकतम मिहिनेत गर्नुपर्ने हो । तर यही मनोविज्ञान बुझ्न नसक्दा लोकतन्त्र बारम्बार संकटमा पर्छ । यसका बाछिटाहरू देखिन थालेका पनि छन् ।

हाम्रो पछिल्लो राजनीतिक परिवर्तन घटनाको शृंखला मात्रै थिएन । जनमतको मनोविज्ञान, नेतृत्वको शैली र लोकतान्त्रिक संस्थाहरूको बिग्रिएको स्वास्थ्य अवस्था मुख्य कारक थिए । त्यसैले परिवर्तनको माग बलियो थियो, त्यही एजेन्डाले जित्यो पनि । धेरै संकेतहरूले देखाउँछन्, नयाँ शक्तिहरूको उदय मुख्यत: पुराना दलप्रतिको गहिरो वितृष्णाबाट सम्भव भयो । यस्तो अवस्थामा जनादेश सकारात्मक विश्वासको भन्दा 'नकारात्मक अस्वीकार' को रूप हुन्छ । यही बिन्दुमा लोकतन्त्रको परीक्षा सुरु हुन्छ, किनकि आक्रोशले ढोका खोल्छ, तर संस्थागत विवेकले मात्र घर बनाउँछ । रास्वपा र प्रधानमन्त्री बालेन शाहको उभार यही आक्रोशको तरंगमाथि सवार भएर आएको हो । जनताले उनीहरूलाई नयाँ भन्दै समर्थन गरे पनि त्यो समर्थन नीतिगत बहस र संस्थागत खाकामाथिको भरोसाबाट कति आएको थियो भन्ने प्रश्नको जवाफ खोज्न अझै बाँकी छ । सायद आउँदो समयले यस प्रश्नको जवाफ विवेचनासहित देला ।

यद्यपि, हामीले यति चाहिँ भन्न सक्छौं- समर्थनको ठूलो हिस्सा पुराना शक्तिहरूलाई दण्ड दिन चाहने भावनाबाट नै प्रेरित थियो । यसलाई राजनीतिक भाषामा 'नेगेटिभ म्यान्डेट' पनि भनिन्छ, जहाँ मत कसैलाई जिताउनभन्दा पनि कसैलाई हराउनका लागि दिइन्छ । यस्तो जनादेशले तत्काल ऊर्जा दिन्छ, तर स्थायित्वको ग्यारेन्टी गर्दैन । फ्रान्सेली राजनीतिक चिन्तक अलेक्सिस दे टकभिलले आफ्नो प्रसिद्ध कृति Democracy in America (१८३५-१८४०) मा लोकतन्त्रको शक्ति र सीमाबारे गहिरो विश्लेषण प्रस्तुत गरेका थिए । जुन अहिलेको नेपाली राजनीतिक चरित्रसँग मिल्दोजुल्दो देखिन्छ । टकभिलले विशेषगरी 'बहुमतको निरंकुशता' भन्ने अवधारणामा भनेका छन्- यदि बहुमतको शक्ति संस्थागत नियन्त्रण, कानुनी सन्तुलन र आलोचनात्मक सार्वजनिक बहसबिना प्रयोग हुन थाल्यो भने त्यसले स्वतन्त्रतालाई नै कमजोर बनाउन सक्छ । उनका अनुसार लोकतन्त्रमा बहुमत शक्तिशाली अवश्य हुन्छ, तर यदि त्यसलाई नियमन गर्ने संस्थाहरू, नियमहरू र नागरिक चेतना बलिया भएनन् भने बहुमत आफैं निरंकुश बन्न सक्छ । बहुमतको शक्ति संस्थागत नियन्त्रणबिना चल्यो भने त्यो स्वतन्त्रतामाथि नै भारी पर्न सक्छ । अनि आक्रोशबाट बनेको बहुमतले यदि व्यक्तिलाई संस्थाभन्दा माथि राख्यो भने खतरा सानोतिनो संकेतबाट देखिन थाल्छ ।

उसो त राष्ट्रिय स्वतन्त्र पार्टी र प्रधानमन्त्री बालेन शाहको उदयलाई धेरैले 'नयाँ युगको सुरुवात' भनेर व्याख्या गरे । तर यथार्थमा त्यो समर्थन उनीहरूको नीति र संस्थागत दृष्टिकोणभन्दा बढी पुराना दलहरूप्रतिको आक्रोशबाट जन्मिएको थियो । जनताले विकल्प रोजे, तर त्यो विकल्पप्रतिको भरोसाभन्दा पुरानाप्रतिको अस्वीकार बढी बलियो थियो । सायद यो पनि लोकतन्त्रमाथि खतराकै संकेत हो । लोकतन्त्रमा सबैभन्दा ठूलो खतरा तब आउँछ जब जनताले स्वतन्त्राभन्दा तात्कालिक सन्तुष्टिलाई प्राथमिकता दिन्छन् । हामीकहाँ जनताले तत्काल परिवर्तनको चाहनामा नयाँ नेतृत्वलाई स्वीकार गरे, तर त्यो स्वीकारोक्ति आलोचनात्मक परीक्षणबाट भएको थिएन । यसले समयभन्दा पहिले नै हाम्रा प्रधानमन्त्री बालेन शाह र उनी आवद्ध पार्टी रास्वपालाई पुलपुल्याएको छ । यही कारण पनि आजको राजनीतिक समर्थन स्थिर होइन र चाँडै बदलिने सम्भावना छ । हो यो समर्थनलाई यथास्थितिमा राख्न पनि सकिन्छ, यो समर्थनलाई जुगौं जुगसम्म तन्काउन पनि सकिन्छ । तर त्यसका लागि सबैभन्दा पहिले जनताको विश्वास जित्नुपर्छ र अझ परम्परागत राज्य संरचनाले सबैभन्दा पुछारमा पारेका जनताको माया पाउनुपर्छ ।

किनभने, कुनै पनि शासन नेताको व्यक्तित्व, जनताको विश्वास अनि कानुनी र संस्थागत वैधताकै आधारमा दीर्घकालीन हुन्छ । नेपालमा अहिले नयाँ नेतृत्वको उदय व्यक्तित्वमा आधारित हो । जनताले व्यक्तिको साहस, बोली र शैलीलाई समर्थन गरेका हुन् । तर राजनीतिकशास्त्रीहरूको पुराना अध्यनअनुसार व्यक्तित्वमा आधारित रहेर जनताले दिएको वैधता दीर्घकालीन हुँदैन, जबसम्म त्यो संस्थागत वैधतामा रूपान्तरण हुँदैन । यदि संस्थालाई बलियो नबनाई व्यक्तिलाई मात्र बलियो बनाइयो भने, त्यो लोकतन्त्रको स्थायित्वका लागि खतरा बन्छ । किनभने, शक्ति त्यतिबेला मात्रै टिक्छ जब नागरिकले त्यसलाई स्वेच्छाले स्वीकार गर्छन् । तर जब शक्ति केवल व्यक्तिको नियन्त्रणमा सीमित हुन्छ, त्यो अन्तत: हिंसा वा दमनमा रूपान्तरण हुन्छ । यसले राजनीतिक निकास दिँदैन, जुन हामीले नेपालकै लामो राजनीतिक इतिहासमा देखेभोगेकै छौं । त्यतिधेरै पर जान पनि पर्दैन । २०७४ को निर्वाचनपछि ठूलो बहुमतसहित सत्तामा आएका केपी शर्मा ओलीको शासनकाल यसको स्पष्ट उदाहरण हो । सुरुमा जनताले उनको हरेक कदमलाई सकारात्मक रूपमा लिए । उनले जे बोले पनि लोकप्रिय भयो, जे गरे पनि समर्थन मिल्यो ।

तर, विस्तारै उनले संसद्‌को भूमिकालाई बेवास्ता गर्न थाले, अध्यादेशमार्फत शासन चलाउन थाले र संस्थागत प्रक्रियामाथि व्यक्तिगत नियन्त्रण बढाउन खोजे । सुरुमा जनताको समर्थनले यो प्रवृत्तिलाई बलियो बनायो, तर अन्तत: त्यही समर्थन विरोधमा परिणत भयो । यसको परिणाम के भयो, यही निर्वाचनमा एमालेले ल्याएको मतले स्पष्ट देखाइसकेको छ । राजनीतिशास्त्रीहरू यसलाई 'majority tyranny' को रूपमा व्याख्या गर्छन्, जहाँ बहुमतको समर्थनका आडमा लोकतान्त्रिक खम्बाहरूलाई कमजोर बनाइन्छ । बालेन शाह प्रधानमन्त्री बनेपछिको यो एक महिनामा देखिएको शैलीले पनि यस्तै संकेत दिन थालेको छ । उनको लोकप्रियता, दृढ निर्णय क्षमता र भ्रष्टाचारविरुद्धको छविले जनतालाई आकर्षित गरेको हो । तर पछिल्ला घटनाहरूले केही प्रश्न भने अवश्य उठाएका छन् । संसद्‌लाई प्राथमिकता नदिने प्रवृत्ति र संवेदनशील विषयहरूमा पर्याप्त परामर्श बिना लिइएका उनका निर्णयहरूले उनी आफूलाई 'सुपेरियर' ठान्छन् या उनको ढंग नपुगेको हो अझै पनि आकलन गर्न सकिएको छैन ।

विशेषगरी सुकुम्बासी जस्तो जटिल सामाजिक प्रश्नमा देखिएको एकतर्फी दृष्टिकोणले लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठाएको छ । यस्तो विषयमा केवल कानुनी कठोरता पर्याप्त हुँदैनथ्यो, त्यसमा मानवीय संवेदना, सामाजिक न्याय र सहभागितामूलक निर्णय प्रक्रिया आवश्यक हुन्थ्यो । तर यी आधारभूत पक्षहरूलाई बेवास्ता गरिँदा त्यो केवल प्रशासनिक निर्णय भनेर बस्न सकिने अवस्था छैन । किनभने, यहाँ त्यो लोकतान्त्रिक मूल्यहरूको अवमूल्यन भएको छ । यसै पनि निरंकुशताको यात्रा साना संकेतबाट सुरु हुन्छ । जब जनताले नेतालाई प्रश्न गर्न छोड्छन्, जब आलोचनालाई अस्वीकार गरिन्छ, जब कानुनी प्रक्रिया छोट्याइन्छ र जब संस्थाहरूलाई बाधक ठानिन्छ, अनि निरंकुशताको बीउ रोपिन्छ । स्वतन्त्रता तब मात्र सुरक्षित रहन्छ जब नागरिक सतर्क हुन्छन् । जनताले 'नेताले जे गर्छ, ठिक गर्छ' भन्ने मानसिकता विकास गर्न थाले भने, त्यो लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा हो । इतिहासले देखाएको छ- निरंकुशता सधैं जनताको समर्थनबाट सुरु हुन्छ, निरंकुशताले सबैभन्दा पहिले जनतालाई नै पिरोल्छ । हजार माइलको निरंकुशता एकै पाइलाबाट सुरु हुन्छ ।

लोकतन्त्रको अर्को पक्ष पनि छ, त्यो आत्मसुधारको क्षमता हो । नेपालमा निरंकुशता लामो समय टिक्न नसक्ने मुख्य कारण यही हो । किनभने, हामीकहाँ जनताको राजनीतिक चेतना बलियो छ । उनीहरूले राजतन्त्रको अन्त्यदेखि गणतन्त्रको स्थापना र त्यसपछि भएका आन्दोलनहरू सबै अनुभव गरेका छन् । सञ्चारमाध्यम, सामाजिक सञ्जाल र सार्वजनिक बहसले कुनै पनि निर्णयलाई तुरुन्तै परीक्षणको दायरामा ल्याउँछन् । यसले कानुनी-संस्थागत संरचनालाई बलियो बनाउँछ । संस्थागत संरचना बलियो हुँदा व्यक्तित्व केन्द्रित शक्ति सीमित हुन्छ । नेपालमा पछिल्लो समय संस्थाहरू कमजोर त पारिएको छ तर पूर्ण रूपमा समाप्त भने भएका छैनन् । यसैले कुनै पनि निरंकुश प्रवृत्ति अन्तत: चुनौतीको सामना गर्न बाध्य हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# सार्वजनिक खरिद ऐनमा के हुँदैछ परिवर्तन ?



काठमाडौं/सरकारले सार्वजनिक खरिद ऐन २०६३ मा संशोधन गर्दैछ । सो ऐन संशोधनका लागि अध्यादेशको सहारा लिइँदैछ । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरिएका अध्यादेशमा सार्वजनिक खरिद ऐन २०६३ मा संशोधन गर्ने अध्यादेश समेत समावेश छ ।

सरकारले विद्यमान सार्वजनिक खरिद ऐनमा संशोधन गर्नुपर्ने कारणका रुपमा मल, औषधि सहित सूचना प्रविधि क्षेत्रका उपकरण खरिदका लागि छुट्टै व्यवस्थाको अभाव भएको उल्लेख गरेको छ । अध्यादेश सिफारिस गर्नु अगाडि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको मस्यौदामा सो बारे उल्लेख छ ।

यसबाहेक रिभर्स अक्सन, भ्यालु फर मनी जस्ता आधुनिक खरिद विधिको अभाव, ई-गभर्मेन्ट मार्केट प्लेसजस्ता डिजिटल प्लेटफर्मको आधार अस्पष्ट रहेको, पर्फमेन्स वेस्ड कन्ट्र्याक्टिङ सम्बन्धी स्पष्ट प्रावधानको अभाव र असामान्य न्यून बोलकबोललाई निरुत्साहित गर्ने प्रभावकारी संयन्त्रको अभाव परिपूर्तिका लागि समेत नयाँ प्रावधान गर्न लागिएको कार्यालयले जनाएको छ ।

खरिद प्रक्रियामा अहिले गुणस्तरभन्दा न्यूनतम मूल्यमा जोड दिइने प्रवृत्तिलाई समेत हटाउनुपर्ने आवश्यकता रहेको निष्कर्ष सरकारको छ । यस ऐन संशोधनबाट सार्वजनिक खरिद प्रणालीलाई आधुनिक, प्रतिस्पर्धी र परिणाममूखी बनाउने कार्यालयले जनाएको छ ।

### के के गरिंदैछ संशोधन ?

नयाँ प्रस्तावमा स्वदेशी मालसामानको परिभाषा स्पष्ट पारिएको छ । जसअनुसार स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएको वा अन्य देशबाट पैठारी गरिएको कच्चा पदार्थमा स्वदेशी श्रम, स्वदेशी कच्चा पदार्थ र सामग्रीको हिस्सा ३० प्रतिशत मूल्य अभिवृद्धि भई स्वदेशी उद्योगबाट उत्पादन भएको मालसामान हुने भनी तोकिएको छ । विदेशबाट पैठारी गरी नेपालमा ब्रान्डिङ भएका मालसामानले अब सार्वजनिक खरिद ऐन अनुसार स्वदेशी मालसामानको मान्यता पाउने छैनन् ।

सरकारले यस ऐनमा रहेको खरिद कार्यको जिम्मेवारी र विधि सम्बन्धी व्यवस्थामा संशोधन गरेको छ । दफा ४ मा एक उपदफा थप गर्दै संशोधनमा सरकारले सूचना प्रविधि खरिदको विषय समेटेको छ । जसमा भनिएको छ, 'सार्वजनिक निकायले सूचना प्रविधि प्रणालीको विकास, मर्मत सम्भार तथा सञ्चालन सम्बन्धी खरिद गर्दा सो सम्बन्धमा नेपाल सरकारको सूचना प्रविधिसँग सम्बन्धित मन्त्रालयको सिफारिसमा सरकारबाट स्वीकृत राष्ट्रिय मापदण्ड बमोजिम सफ्टवेयर आवश्यकता स्पेसिफिकेसन तयार गर्नुपर्नेछ ।'

मूल ऐनको दफा ७ मा खरिद कार्यको जिम्मेवारी सम्बन्धी प्रावधान रहेको छ । जसको उपदफा ३ मा ३ (क) थप गर्दै पूर्वयोग्यता, कागजात, बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजात संशोधनका विषय समेटिएका छन् । सोही दफामा उपदफा ७ थप गर्दै नयाँ प्रस्तावका रुपमा सार्वजनिक निकायले सार्वजनिक खरिद सम्बन्धी विषयमा कुनै कार्यालय वा सरोकारवालाले कानुन बमोजिम माग गरेको जानकारी वा जवाफ समयमा नै गराउनु पर्ने उल्लेख छ ।

### खरिद विधिमा समावेश भयो "रिभर्स अक्सन"

मुल ऐनको दफा ८ मा खरिद विधि छनोटको विषय समावेश छ । जसमा मालसामान निर्माण कार्य वा अन्य सेवा खरिद गर्दा यसअघि उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई भन्ने शब्द रहेकोमा लाभग्राही भन्ने शब्द हटाइएको छ ।

सोही दफामा बोल अंक घटाघट गर्ने (रिभर्स अक्सन) विधिलाई समेत अब खरिद विधिमा समावेश गरिएको छ । मस्यौदा अनुसार रिभर्स अक्सन विधि भन्नाले सार्वजनिक निकायको तोकिएको सीमासम्म लागत अनुमानलाई अधिकतम रकम मानी सो रकममा घटाघट गरी कबुल गर्न बोलपत्रदाता वा सेवा प्रदायकलाई निश्चित अवधि उपलब्ध गराउने र सो अवधिमा सबैभन्दा कम अंक कबुल गर्न सफल बोलपत्रदाता वा सेवा प्रदायक छनोट गर्ने विधि हो ।

### ठेक्काका ठूल्ठूला प्याकेज वा ससाना टुक्रा बनाउन रोक

दफा ८ को उपदफा २ ले यसअघि खरिद प्रतिस्पर्धा सीमित हुनेगरी, टुक्राटुक्रा पारी खरिद गर्न नहुने उल्लेख गरेको थियो । संशोधनले एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नुपर्ने भएमा बाहेक प्रतिस्पर्धालाई संकुचित वा सीमित गर्ने गरी ठूला प्याकेज बनाउन समेत रोक लगाएको छ ।

साथै प्रतिस्पर्धालाई सीमित गर्ने गरी ठेक्का टुक्रा पार्न समेत रोक लगाएको छ । यसै उपदफामा थप प्रावधान राख्दै अब एक आपसमा अन्तर सम्बन्धित भई सम्पूर्ण आयोजना वा मालसामान परीक्षण गरेर मात्र स्वीकार गर्नुपर्ने अवस्थामा निर्माण कार्य वा मालसामानको खरिद गर्दा एउटै प्याकेजमा खरिद गर्नुपर्ने समेत उल्लेख गरिएको छ ।

### मलसहितका वस्तु खरिदमा विशेष व्यवस्था

सोही दफामा सरकारले थप प्रावधान राखेर रासायनिक मल, विद्युत ट्रान्सफर्मरमा प्रयोग हुने तेल र कपर वायरलगायत सोही प्रकृतिका मालवस्तु तथा उपकरणको हकमा विशेष व्यवस्था गर्न सकिने गरी सहज बनाएको छ । यसअघि सो प्रावधान ऐनमा समावेश छैन ।

### बोलपत्रदाताको योग्यतामा के परिवर्तन ?

मुल ऐनको दफा १० मा बोलपत्रदाता वा प्रस्तावकको योग्यताबारे उल्लेख छ । सो उपदफामा संशोधन गर्दै सरकारले अब स्तर, प्राविधिक र आर्थिक क्षमता समेत मूल्यांकनको आधार हुने उल्लेख गरेको छ । यसका साथै प्रस्तावित आयोजनाको कार्य सम्पादन गर्न लाग्ने समयलाई समेत मूल्यांकनको आधार बनाइने भएको छ । दफा १० को उपदफा २ मा क र ख थप गर्दै नयाँ प्रस्तावमा बोलपत्रदाताको योग्यता, गणना गर्दा बोलपत्र पेश गर्नु अगाडि दुई वा सो भन्दा बढी कम्पनी वा फर्म एकीकरण भएकोमा त्यसरी एकीकरण हुनु अगडि कायम रहेका कम्पनी र फर्मको योग्यतालाई समेत नयाँ कम्पनीको योग्यतामा गणना गरिने उल्लेख छ । सोही दफामा योग्यता निर्धारण नगरिने भनी तोकिएको २ करोडको सीमा हटाएर अब सरकारले तोकिए बमोजिम हुने भन्ने शब्द राखिएको छ ।

### विद्युतीय बोलपत्र पत्रिकामा प्रकाशन अनिवार्य नहुने

अहिले बोलपत्र आह्वानका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने प्रावधान छ । यसमा नयाँ प्रावधान अनुसार विद्युतीय खरिद प्रणालीमार्फत बोलपत्र वा पूर्वनिर्धारणको प्रस्ताव आह्वान गरिएको अवस्थामा त्यस्तो आह्वानको सूचना विद्युतीय प्रणालीबाहेक अन्य माध्यममा प्रकाशन गर्नु पर्ने छैन ।

विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट र आफ्नो कार्यालयको वेबसाइटमा समेत राख्नुपर्ने प्रावधान राखिएको छ । मुल ऐनको दफा ३० मा रहेको परामर्श सेवा खरिदमा समेत पत्रिकामा अनिवार्य गर्ने नियम संशोधन गरिएको छ ।

विद्युतीय खरिद प्रणाली मार्फत माग गरिएको आशय पत्र विद्युतीय खरिद प्रणालीबाहेक अन्य माध्यमबाट सूचना प्रकाशन गर्नुपर्दैन । खरिद सम्बन्धी व्यवस्थामा समेत सोही नियम बनाइएको छ ।

### बोलपत्र आह्वानको तोकिएको मिति हटाइयो

सो दफाको उपदफामा बोलपत्रको सूचना राष्ट्रिय स्तरको हकमा ३० दिन र अन्तर्राष्ट्रियको हकमा ४५ दिनको समय तोकिएको छ । यसलाई संशोधन गर्दै अब प्रकाशन गर्ने सूचनाको अवधि 'तोकिए बमोजिम' हुने भनी उल्लेख गरिएको छ ।

अर्थात् बोलपत्र आह्वानकर्ता स्वयमलाई सो मिति तोक्न सक्ने अधिकार दिइएको छ । साथै पुन: बोलपत्र आह्वानमा रहेको समय सीमाको प्रावधान समेत हटाइएको छ । विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा बोलपत्र सम्बन्धी कागजात दुई वा सो भन्दा बढी सार्वजनिक निकायमा उपलब्ध हुने व्यवस्था गर्नुपर्ने प्रावधान राखिएको छ । सोही दफामा स्वदेशी मालसामानलाई तोकिए अनुसार प्राथमिकता दिनुपर्ने उल्लेख गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम अवधि यसअघि समय नै तोक्ने गरि एकोमा अब बोलपत्रदाताले पर्याप्त समय पाउने गरी तोकिए बमोजिममा नघट्ने गरी निर्धारण गर्नुपर्ने उल्लेख गरिएको छ ।

### न्यून बोलकबोललाई कसरी नियन्त्रण गर्न खोजिएको छ ?

मुल ऐनको दफा २५ लाई संशोधन गर्दै न्यून बोलकबोलको समस्यलाई समाधान गर्न खोजिएको छ । बोलपत्रदाताले कुनै आइटममा लागत अनुमानमा उल्लेखित दरको ५० प्रतिशत भन्दा कम दर उल्लेख गरेमा बोलपत्र मूल्यांकन गर्दा तुलना गर्ने प्रयोजनका लागि मात्र सो आइटममा स्वीकृति लागत अनुमानको दर राखी बोल अंक कायम गरिने प्रावधान समेटिएको छ ।

तर, त्यस्तो बोलपत्र दाताको बोलपत्र स्वीकृत भएमा सो आइटममा निजले उल्लेख गरेकै दर गणना गरी कुल बोल अंक कायम गरी सम्झौता गरिने भएको छ । मूल्यांकन समितिले कुनै बोलपत्र दाताले स्वीकृत लागत अनुमानको ३० प्रतिशत भन्दा घटेर कबुल गरी बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण माग गर्नुपर्ने भएको छ ।

सो दर विश्लेषणलाई निजले उल्लेख गरेको कार्य सम्पादन गर्ने तरिका, प्रविधि एवम व्यवस्थापन विधि समेतको आधारमा प्रचलित नर्म्स र दररेट अनुसार दर विश्लेषण गरी तुलना गर्नुपर्ने भएको छ । यसरी सार्वजनिक निकायको स्वीकृत दररेटसँग तुलना गर्दा बोलपत्रदाताले पेश गरेको एक वा एक भन्दा बढी मुख्य क्रियाकलापको दररेटबाट खरिद कार्यको कार्य सम्पादन हुन सक्ने आधार नदेखिएयमा त्यस्तो बोलपत्रलाई मूल्यांकनबाट हटाउन सकिने भएको छ ।

तर, विश्लेषणाको आधारमा बोलपत्रदाताले पेश गरेको दररेटबाट खरिद कार्य सम्पादन गर्न सक्ने वा नसक्ने व्यहोरा आधार र कारणसहित मूल्यांकन प्रतिवेदनमा समेत खुलाउनु पर्ने प्रावधान राखिएको छ । खरिद कार्यको कार्य सम्पादन हुन नसक्ने दररेट प्रस्ताव गरी दाखिला गरिएका बोलपत्रलाई मूल्यांकनबाट हटाएपछि बोलपत्र जमानत समेत हुनेछ ।

### बढी बोलकबोल भएमा वार्ता गरेर घटाउन सक्ने

मूल्यांकनका दौरान सारभूत रुपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा बढी भएमा सार्वजनिक निकायले बोलपत्रदातासँग वार्ता गरेर बोल अंक घटाउने र स्वीकृत लागत अनुमानभित्र पार्न एकमुष्ट छुट प्रतिशतमा सहमति गरी खरिद काम अगाडि बढाउन सक्ने गरी नयाँ प्रावधान थप गरिएको छ । यसरी सहमति गर्दा बोलपत्र कागजातमा उल्लेखित स्पेसिफिकेसन र गुणस्तरमा भने कुनै संशोधन गर्न पाइने छैन ।

परामर्शदाताको हकमा प्रस्ताव अस्वीकृत हुने वा खरिद प्रक्रिया रद्द गर्ने प्रावधान अन्तर्गत लागत अनुमान र उपलब्ध बजेटभन्दा छनोट भएको प्रस्तावदाताको कबोल रकम सारभूत रुपमा बढी भएको अवस्थामा निजपछि कम अंक प्राप्त गर्ने प्रस्तावदाताको कबोल रकम, लागत अनुमान र उपलब्ध बजेट भन्दा बढी नभएमा भने सम्पूर्ण खरिद प्रक्रिया रद्द नगरी निजलाई छनोट गरी स्वीकृत गर्न समेत बाटो खुलाइएको छ ।

### बोलपत्र पेश गरेको १५ दिनभित्र छनोट गरिसक्नु पर्ने

मूल ऐनको दफा २७ मा संशोधन गर्दै सरकारले मूल्यांकन समितिले पेश गरेको प्रतिवेदन सुधार गर्न पुन: समितिमा फर्काउनुपर्ने अवस्थामा बाहेक पेश गरेको १५ दिन भित्र सार्वजनिक निकायले न्यूनतम मूलयांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि छनोट गरिसक्नु पर्ने भएको छ । एक भन्दा बढी बोलपत्रदाताको बराबर अंक भएमा गोलाप्रथा गरिने समेत प्रावधान राखिएको छ ।

नेपालले आतिथ्यता गर्ने अन्तर्राष्ट्रिय सभा सम्मेलन, सेमिनार वा बैठक आयोजनाका लागि खरिद, नेपाल सरकार र विदेशी सरकारबीच तथा नेपाल सरकार र अन्तरसरकारी अन्तर्राष्ट्रिय संस्थाबीच गरिने खरिद तथा नेपाल बाहिर हुने मध्यस्थताका लागि सार्वजनिक निकायको तर्फबाट बहस, पैरवी वा परामर्श गर्न आवश्यक विशेषज्ञ वा कानुन व्यवसायी नियुक्त गर्नु परेमा सोझै खरिद गर्न सकिने व्यवस्था थप भएको छ । साथै अब सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सरकारी ई-मार्केटप्लेसमा सामान र सेवाको मूल्य प्रकाशित गर्ने तथा सोझै खरिद सोमार्फत गर्न सकिने समेत नयाँ प्रावधान राखिएको छ ।

### मल, औषधि वा सूचना प्रविधि खरिद सम्बन्धी विशेष व्यवस्था

यसअघि राशन खरीदमा मात्र विशेष व्यवस्था रहेकोमा सरकारले मल, औषधि वा सूचना प्रविधि खरिद सम्बन्धी विशेष व्यवस्था गरेको छ । जसका लागि कार्यविधि अपनाउन सकिने ऐनमा उल्लेख हुने छ । साथै सार्वजनिक निकायले व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि जग्गा खरिद गर्नु पर्ने भएमा समेत कार्यविधि अपनाएर खरिद गर्न सक्ने प्रावधान समेटिएको छ ।

### कर्मचारीलाई कारबाही र पुरस्कारको व्यवस्था

सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारीको आचरण सम्बन्धमा तोकिए बमोजिममा आचरण नदेखाएमा कर्मचारलाई कारबाही र राम्रो काम गर्नेलाई प्रोत्साहनको प्रावधान समेत संशोधनमा राखिएको छ । यसअघि कारवाबाको मात्र प्रावधान थियो । तर, अब पूर्व तयारीको काम समेत पुरा नगरी बोलपत्र प्रक्रिया अगाडि बढाएमा समेत कारबाही हुने भएको छ । यस्तो दण्ड र पुरस्कार निर्माण व्यवसायीको हकमा समेत व्यवस्था गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# बागमती गोल्डकप: उद्घाटन खेलमा बागमती युथको प्रभावशाली जित



साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ मकवानपुरको बागमती गाउँपालिकामा आठौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता बिहीबार देखि सुरु भएको छ ।

उद्घाटन खेलमा आयोजक माथी प्रभावशाली जित निकाल्दै सर्लाहीको बागमती युथ क्लबले प्रतियोगितामा सशक्त सुरुवात गरेको छ । बागमती गाउँपालिका-४ स्थित सहिदस्मृति रंगशालामा भएको खेलमा बागमती युथ क्लबले आयोजक बागमती खेलकुद विकास समितिलाई ३-० गोलअन्तरले हराएको हो । खेलको ३१ औं मिनेटमा सुजन गुरुङले टोलीलाई अग्रता दिलाएका थिए । पहिलो हाफमा १-० ले अग्रता बनाएको बागमती युथले दोस्रो हाफमा थप दुई गोलगर्न सफल भयो । बागमती युथले आक्रामक खेल प्रस्तुत गर्ने क्रममा ६८ औं मिनेटमा राजु लो र ७१ औं मिनेटमा अनिष महर्जनले थप गोल गर्दै जित सुनिश्चित गरे ।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका सुजन गुरुङ 'प्लेयर अफ दि म्याच' घोषित भए । उनले नगद १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । बागमती युथ क्लबले अब सेमिफाइनल प्रवेशका लागि साविक विजेता चर्च ब्वाइज युनाइटेड, ललितपुरसँग प्रतिस्पर्धा गर्नेछ । चर्च ब्वाइज समूह 'ए'बाट बाई पाएर क्वार्टर फाइनलमा पुगिसेको छ । प्रतियोगिता अन्तर्गत शुक्रबार त्रिभुवन आर्मी क्लब काठमाडौं र नवजनजागृति क्लब बारा भिड्ने छन् । १९ गते एपीएफ क्लब र चित्लाङ एफसी, २१ गते फ्रेन्ड्स क्लब ललितपुर र प्लानिङ ब्वाइज युनाइटेडबीच प्रतिस्पर्धा हुनेछ ।

यस्तै, २२ गते मछिन्द्र क्लब काठमाडौंले एपीएफ र चित्लाङबीचको विजेतासँग खेल्ने छ । प्रतियोगिताको सेमिफाइनल खेल २३ र २४ गते हुनेछन् भने फाइनल वैशाख २६ गते हुनेछ । आयोजक सहित १० टिम सहभागी प्रतियोगिताको विजेताले १० लाख रुपैयाँ र उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार पाउनेछन् । खेलअघि प्रतियोगिताको उद्घाटन बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी, एन्फा केन्द्रीय सदस्य टीकाराम लामालगायतको उपस्थिति थियो ।

# 'रोल नं १'को टिजरमा बालबालिकामाथि पढाइको बोझ





काठमाडौं/आगामी जेठ १५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रोल नं १'को टिजर सार्वजनिक गरिएको छ । बिहीबार युट्युबमार्फत सार्वजनिक झन्डै २ मिनेट लामो टिजरले फिल्मको कथावस्तु र सेटिङबारे जानकारी दिएको छ । ग्रामीण परिवेशमा आधारित फिल्मले बालबालिकामा पढाइको बोझले पार्ने मानसिक दबाबको कथा पेस गरेको छ ।

आर्थिक अभावका कारण पढ्नका लागि छात्रवृत्तिको भर पर्नुपर्ने बाध्यता र समाजमा इज्जतका लागि बालबालिकालाई परिवारले दिने पढाइको दबाबलाई टिजरमा मर्मस्पर्शी रूपमा देखाइएको छ । बाबु-छोराको सम्बन्ध, बाबुको इज्जतका लागि छोराले पढाइमा गरेको मिहिनेत, कमजोर स्मरण शक्तिका कारण बच्चामा पर्ने प्रभावलाई पनि टिजरले देखाउने प्रयास गरेको छ ।

कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता विनोद पौडेलले निर्माण गरेको यस फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी, निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठलगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्मलाई जोन योञ्जनले निर्देशन गरेका हुन् । उनले यसअघि 'आँखा' निर्देशन गरेका थिए । विनोद पौडेल र जाह्नवी पौडेल निर्माता रहेको फिल्मको सह-निर्मातामा छत्रमाया गिरी र रमेश चौलागाईं छन् । फिल्ममा महेश दवाडीको लेखन, शिवराम श्रेष्ठको छायांकन, मदन घिमिरेको सम्पादन, रोहित शाक्यको पार्श्व संगीत तथा उत्तम प्रधानको साउन्ड डिजाइन रहेको छ । यो फिल्मले अहिलेको शिक्षा प्रणालीले बालबालिकामा पारेको प्रभावलाई मुख्य कथावस्तु बनाएको छ ।

# 'काजी'को 'वारि बर पारि पिपलु' गीतमा प्रेमिल देखिए विपिन र केकी

काठमाडौं/आगामी जेठ ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'काजी'को पहिलो गीत 'वारि बर पारि पिपलु' सार्वजनिक गरिएको छ । बिहीबार निर्माण पक्षले काठमाडौंको न्यूरोडस्थित रञ्जना सिनेप्लेक्समा आयोजित एक कार्यक्रमका बीच प्रेमिल भावको उक्त गीत दर्शकमाझ ल्याएको हो । गीतले युवायुवतीबीचको प्रेम, आत्मीयता र समर्पणको भाव व्यक्त गरेको छ ।

कथानक शैलीमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी विपिन कार्की र केकी अधिकारीलाई केन्द्रमा राखिएको छ । नवविवाहित जोडीको भूमिकामा प्रस्तुत भएका उनीहरूको एकअर्काप्रतिको प्रेम, हेरचाह र सम्मानलाई भिडियोमा सुन्दर ढंगले देखाइएको छ । ग्रामीण परिवेशको प्रेमकथालाई फिल्मले मुख्य विषयवस्तु बनाएको संकेत भिडियोले दिन्छ ।

लक्ष्मण रिजालको निर्देशनमा बनेको यस फिल्ममा विपिन र केकीसहित गरिमा शर्मा, हेमन्त बुढाथोकी, प्रकाश घिमिरे, विशाल पहारी, हिउँवाला गौतम, अनुराग कुँवर, सन्दीप बाबु लोहनी, विनोद न्यौपाने, रश्मि भट्ट, प्रीतिका शर्मा, प्रशंसा सुवेदी, बाल कलाकारहरू दीक्षिता अर्याल, आरव बराल, सुपला सापकोटा लगायतको अभिनय रहेको छ । रिजाल एन्ड रिजाल प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मका निर्मातामा राम प्रसाद रिजाल, नेहान रिजाल र विकासराज जोशी रहेका छन् । प्रदीप भारद्वाजको लेखन रहेको फिल्मलाई चिन्तन राजभण्डारीले छायांकन गरेका हुन् । यसमा कालीप्रसाद बास्कोटाको संगीत, सुजिल कर्माचार्यको पार्श्व संगीत, कविराज गहतरजको नृत्य निर्देशन तथा विपिन मल्लको सम्पादन रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# 'सुकुमवासीको पहिचान र सुरक्षित व्यवस्थापनपछि मात्र सार्वजनिक जग्गा खाली गरिने'

काठमाडौं/सरकारले वास्तविक सुकुम्बासीको पहिचान गरी उनीहरूलाई सुरक्षित रूपमा व्यवस्थापन गरेपछि मात्रै अतिक्रमित सार्वजनिक तथा सरकारी जग्गा खाली गर्ने प्रक्रिया अगाडि बढाउने स्पष्ट पारेको छ ।

सरकारले वर्षायाम सुरु हुन लागेको सन्दर्भमा प्रत्येक वर्ष बाढी तथा डुबानको चपेटामा पर्ने काठमाडौं उपत्यकाका बागमती र त्यसका सहायक नदी किनारका जोखिमपूर्ण बस्तीलाई लक्षित गरी २०८३ वैशाख १२ गतेदेखि विशेष अभियान सुरु गरेको जनाएको छ । जनधनको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै थापाथली, शान्तिनगर, गैरीगाउँ तथा कागेश्वरी मनोहरा नगरपालिकाको गोठाटार बुद्धचोक र मनोहरा टोलका जोखिमयुक्त बस्तीहरू खाली गर्ने कार्य सम्पन्न भइसकेको छ ।

यस सम्बन्धमा शहरी विकास मन्त्री सुनिल लम्सालले वर्षायाममा बाढीको उच्च जोखिममा रहेका नदी किनारका ती बस्तीहरूलाई मानवीय सुरक्षाको दृष्टिकोणले मात्र खाली गरिएको स्पष्ट पारे । मन्त्री लम्सालले बाँकी क्षेत्रमा रहेका सुकुम्बासीको हकमा भने उनीहरूको पहिचान र उचित व्यवस्थापनको खाका तयार नभएसम्म जग्गा खाली गर्ने प्रक्रिया अगाडि नबढाइने प्रतिबद्धता जनाउँदै वास्तविक सुकुम्बासी परिवारलाई ढुक्क हुन आग्रह गरे ।

यो अभियान सरकारको नीतिगत निर्णय अनुरूप अगाडि बढेको उनको भनाइ छ । गत वर्ष चैत १३ गते बसेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत 'शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ९२ मा सार्वजनिक जग्गाको संरक्षण गर्ने, डिजिटल अभिलेख तयार गर्ने र नयाँ अतिक्रमणलाई कडाइका साथ रोक्ने स्पष्ट व्यवस्था गरिएको छ ।

सोही नीतिलाई कार्यान्वयन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यही वैशाख १७ गते देशभरका सबै स्थानीय तहलाई परिपत्र जारी गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहकै हुने भएकाले मन्त्रालयले सम्बन्धित पालिकालाई सुकुम्बासीको पहिचान गर्न र उनीहरूको सुरक्षित व्यवस्थापनको ठोस योजना बनाउन निर्देशन दिएको छ ।


व्यवस्थापनको प्रक्रियामा उनीहरूको आधारभूत मानव अधिकारलाई सुरक्षित गर्न मन्त्रालयले विशेष जोड दिएको छ । सुकुम्बासी व्यवस्थापन गर्दा सुरक्षित आवासको प्रबन्ध, स्वास्थ्य उपचार, पौष्टिक खानपान, गोपनीयताको संरक्षण, तथा महिला र अपाङ्गतामैत्री आवास र सुरक्षा प्रबन्ध मिलाउन स्थानीय तहहरूलाई स्पष्ट निर्देशन दिइएको छ । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सुकुम्बासीको पहिचान र व्यवस्थापनपछि मात्र सरकारी जग्गा खाली गर्ने सरकारको योजनामा आफूहरू दृढ रहेको र यो कार्य निकै संवेदनशील भएकाले स्थानीय तहहरूले जिम्मेवारीपूर्वक मानवीय भूमिका निर्वाह गर्नुपर्ने बताए ।

उच्चक्षमताका प्रसारण लाइन निर्माणमा सरकारको उच्चप्राथमिकता

# हेटौंडा-ढल्केबर खण्ड चालु आवमा निर्माण सम्पन्न गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ सरकारले उत्पादित बिजुलीलाई प्रमुख लोड सेन्टरसम्म पुऱ्याउन, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीयस्तरमा बिक्री वितरणका लागि उच्चक्षमताका प्रसारण लाइन निर्माण गर्ने समयसीमा सार्वजनिक गरेको छ ।



प्रसारण लाइन निर्माणमा देखिएको बेथिती अन्त्य गर्ने, तोकिएको समयअगावै निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ प्रक्रिया अगाडि बढाउने भएको हो । प्रसारण लाइन निर्माणमा देखिएको रुख कटानको समस्या समाधान गर्ने, मुआब्जा वितरणमा देखिएको जटिलता फुकाउने तथा लगानीको विविधकरण गर्ने कार्यक्रम निर्धारण गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको 'विद्युत् खपत वृद्धि तथा ऊर्जा निर्यात रणनीति, २०८२' प्रसारण लाइन निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरेको छ । रणनीति अनुसार, हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको हेटौंडा-ढल्केबर खण्ड चालु आवको अन्त्यसम्म निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरिएको छ ।

यो प्रसारण लाइनको पूर्वी खण्ड ढल्केबर-इनरुवा खण्ड भने यसअघि नै सम्पन्न भइसकेको छ । आयोजनालाई शीघ्र निर्माण सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरणलाई जिम्मेवार बनाइएको छ । रुखकटान, वनक्षेत्रको जग्गा प्रयोग, मुआब्जालगायत समस्याका कारण आयोजना लामो समयदेखि समस्यामा परेको थियो । पछिल्ला दिनमा समस्या समाधान भएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको पहलमा नियमित काम सुरु भइसकेको छ । नयाँखिम्ती-बाह्रबिसे-काठमाडौँ प्रसारण लाइनको काम आर्थिक वर्ष २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यो प्रसारण लाइनको क्षमता चार सय केभीको हो ।

प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि स्थानीय तह र वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवार बनाइएको छ । हेटौंडा-रातमाटे-लप्सीफेदी, न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन आर्थिक वर्ष २०८६/८७ सम्म निर्माण सम्पन्न हुनेछ । यो प्रसारण लाइन चार सय केभी क्षमताको हो । यसैगरी नयाँ बुटवल-लमही प्रसारण लाइन आव २०७८/८८ सम्म निर्माण सम्पन्न हुनेछ । यस्तै, लहमी-छिन्चु-दोदोधारा प्रसारण लाइन आर्थिक वर्ष २०८९/९० सम्म निर्माण सम्पन्न हुनेछ । किमाथांका-हाइटार-सितलपाटी प्रसारण लाइन आर्थिक वर्ष २०८९/९० सम्म सम्पन्न हुनेछ ।

अरुण हब-इनरुवा प्रसारण लाइन, इनरुवा-अनारमनी प्रसारण लाइन, फुकोट-बेतन-दोदोधारा प्रसारण लाइन, तिंगला दुधकोशी-ढल्केबर प्रसारण लाइन आर्थिक वर्ष २०९०/९१ सम्म सम्पन्न गर्ने लक्ष्य रणनीतिमा समावेश गरिएको छ । भेरी करिडोर प्रसारण लाइन र सेती करिडोर प्रसारण लाइन पनि आर्थिक वर्ष २०९०/९१ मा सम्पन्न हुनेछ । दोदोधारा-अत्तरिया-लम्की प्रसारण लाइन भने आर्थिक वर्ष २०९१/९२ सम्म सम्पन्न हुनेछ । ती सबै प्रसारण लाइनको क्षमता चार सय केभीको छ । उत्पादित बिजुलीलाई सहजरुपमा प्रसारण गराएर लोड सेन्टरमा पुऱ्याउने लक्ष्यका साथ सरकारले प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेको छ ।

आवश्यक संरचनागत सुधार गरिने, नीतिगत अस्पष्टता हटाउने तथा तोकिएको समयमा नै आयोजना सम्पन्न गर्ने लक्ष्यलाई रणनीतिले विशेष प्राथमिकतामा राखेको छ । अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई पनि उत्तिकै महत्वका साथ रणनीतिले समेटेको छ । अन्तरदेशीय प्रसारण लाइनको क्षमता अभिवृद्धि पनि अर्को महत्वपूर्ण पक्ष छ । ढल्केबर-मुजाफरपुर अन्तरदेशीय प्रसारण लाइन आर्थिक वर्ष २०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन, नानपारा-नेपालगञ्ज, इनरुवा-पूर्णिया, लम्की-बेरली, लमही-लखनउ, निजगण-मोतिहारी, चमेलिया-जौलजिवी, ढल्केबर-मुजफरपुर र चिलिमे हब-केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण प्राथमिकतामा छ ।

आन्तरिकरुपमा बिजुलीको खपत बढाउने, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीयस्तरमा बिक्री गर्ने लक्ष्यलाई रणनीतिले स्पष्ट रुपमा सूचीकृत गरेको छ । स्मार्ट ग्रिड र सवस्टेशनको आधुनिकीकरण निरन्तर रुपमा अगाडि बढाइनेछ । सवस्टेशनको क्षमता विस्तार गरेर ४० हजार एमभीए पुऱ्याइनेछ । यो कार्य आर्थिक वर्ष २०९२/९३ सम्म सम्पन्न हुनेछ । कृषिक्षेत्रको आधुनिकीकरण र किसानको खेतसम्म नै फिडर पुऱ्याउने लक्ष्यलाई पनि उत्तिकै महत्व दिएको रणनीतिमा भूमिगत वितरण प्रणालीको काम २०८५ सम्म सम्पन्न गर्ने उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०९२/९३ सम्म एलपी ग्यास अनुदान खारेजी गर्ने र विद्युतीय चुल्होमा अनुदान दिइनेछ । देशभर चार्जिङ स्टेशन सञ्जाल विस्तार गर्ने, प्रमुख सहरमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गरिनेछ । हाल नेपालको कूल जडित क्षमता चार हजार ८६ मेगावाट पुगेको छ । राष्ट्रिय प्रसारण ग्रिडको विस्तारसँगै ९८ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ । सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने राष्ट्रिय प्रतिवद्धताअनुरुप खनिज इन्धनको परनिर्भरता घटाई स्वदेशी बिजुलीको खपत बढाउन अबलम्बन गर्नुपर्ने सबै काम अगाडि बढाउने रणनीतिको लक्ष्य छ ।

नेपालले भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरिसकेको छ । हाल करिब एक हजार दुई सय मेगावाट बिजुली भारत र बंगलादेशतर्फ आयात निर्यात भइरहेको अवस्था छ ।

# भीमफेदीमा १ सय १६ जना सामाजिक सुरक्षा कोषमा आबद्ध

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/मकवानपुरको भीमफेदी गाउँपालिकाले सामुदायिक महिला स्वास्थ्यस्वयंसेविका र अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराएको छ ।



गाउँपालिकाले तेस्रोपटकमा बिहीबार एकैदिन ११६ जनालाई कोषमा आबद्ध गराएको पालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा ४७ जना सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका र ७९ जना अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको हो । बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ, बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले कोषमा आबद्धता भएका स्वयंसेविका र श्रमिकलाई परिचयपत्र वितरण गरेका छन् ।

मुख्यमन्त्री बानियाँले गरि खाने मेहनती वर्गको सुरक्षाका लागि कोषमा आबद्ध गराउने प्रदेशका पालिकालाई ५० प्रतिशत सहयोग पुग्ने गरी आगामी नीति र बजेटमा व्यवस्था गर्ने प्रतिबद्धता जनाए । स्वयंसेविका र श्रमिकलाई कोषमा आबद्ध गराउन पालिकाले यो वर्ष ३० लाख बजेट बिनियोजन गरेको थियो । गाउँपालिकाले सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि आर्थिक वर्ष २०८०/८१ मा योगदानमा आधारित श्रमिक कोष बजेट शीर्षकमा १३ लाख बजेट विनियोजन गरेको थियो ।

श्रमिकको हक संरक्षणका लागि गाउँपालिकाले दायित्व लिएको अध्यक्ष लामाले बताए । उनकाअनुसार पालिकाले हालसम्म ३ सय ११ जना अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको छ । कोषकाअनुसार ९ वटा पालिकाबाट हालसम्म आबद्ध भएका ९९५ अनौपचारिक श्रमिकमध्ये भीमफेदीका सबैभन्दा धेरै हुन् । भीमफेदीसहित फेदीखोला गाउँपालिका, बाँसगढी नगरपालिका, बिरुवा गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, माग्दे गाउँपालिका, प्युठान नगर पालिका, ताराखोला गाउँपालिका र बेलबारी नगरपालिकाले अनौपचारिक श्रमिकलाई कोषमा आबद्ध गराएको जनाइएको छ ।

भीमफेदी गाउँपालिका अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने देशकै पहिलो स्थानीय तह हो । यो पालिकाले २०८० र २०८१ मा गरेर यहाँ कार्यरत एकसय ९७ जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइएको थियो । कोषमा आबद्ध धेरै श्रमिक निर्माण क्षेत्रका छन् । औद्योगिक क्षेत्रका श्रमिकका लागि तोकिएको मासिक आधारभूत पारिश्रमिकको ११ प्रतिशत र गाउँपालिकाको तर्फबाट ९.३७ प्रतिशत थप गरी कुल २० दशमलव ३७ प्रतिशत अर्थात मासिक दुई हजार ४७९ रुपैयाँ कोषमा जम्मा गर्ने व्यवस्था मिलाएको अध्यक्ष लामाले जानकारी दिए ।

श्रमिकहरुले औषधि उपचार, स्वास्थ्य तथा मातृत्वसुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा तथा वृद्धावस्था सुरक्षा जस्ता सेवासुविधा प्राप्त गर्नेछन् । पहिले उपचारमा करिब १० हजार रुपैयाँसम्म खर्च हुने अवस्था रहेपनि अहिले कोषमा आवद्ध भएपछि करिब २ हजार रुपैयाँमै उपचार सम्भव भएको सामाजिक सुरक्षा कोषमा आबद्ध मजदुरको अनुभव छ । भीमफेदी गाउँपालिका र सामाजिक सुरक्षा कोषबीच २०८० साउन ३० गते सम्झौता भएको थियो । कोषले २०७७ मंसिर ११ गतेदेखि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सुरु गरेको थियो ।

# थाहानगरमा करदाता सेवाकेन्द्र सञ्चालन गर्न समझदारी

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ मकवानपुरको थाहा नगरपालिकाबाट करदाता सेवाकेन्द्र सञ्चालनका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

थाहा नगरपालिका प्रमुख प्रशासकीयअधिकृत निरज पौडेल र आन्तरिक राजश्व कार्यालय हेटौंडाका कर अधिकृत युक्तप्रसाद सुवेदीबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो । थाहा नगरपालिका नगरप्रमुख विष्णु बहादुर विष्टको विशेष उपस्थितिमा हस्ताक्षर भएको थाहानगरका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए । समझदारी अनुसार अब थाहा नगरपालिकामा करदाता सेवाकेन्द्र सञ्चालन हुनेछ । नेपाल सरकारले कार्तिक १७ गते गरेको निर्णयलाई कार्यान्वयन गराउने क्रममा थाहा नगरपालिकामा करदाता सेवाकेन्द्र सञ्चालन हुन लागेको करअधिकृत सुवेदीले जानकारी दिए ।

थाहा नगरपालिकामा करदाता सेवाकेन्द्र सञ्चालन भएसँगै अब स्थायी लेखानम्बर (प्यान) लिन हेटौंडा जानुपर्दैन । अब थाहा नगर पालिकाबाटै लिन पाइन्छ । थाहा नगरपालिका क्षेत्रका व्यावसायिक स्थायी लेखानम्बर पनि नगर पालिकाले नै वितरण गर्नेछ । थाहा नगरपालिकाले नगरक्षेत्रमा ठेगाना भएका मूल्य अभिवृद्धिकरमा आवद्ध व्यवसायीको कागजात भिडाइ आन्तरिक राजश्व कार्यालय पठाउने व्यवस्था गर्नेछ । करचुक्ता माग गर्नेका लागि कागजात भिडाई राजश्व कार्यालयमा सिफरिस गर्ने र करचुक्ता प्रदान गर्ने लगायतको कार्य अब थाहा नगरपालिकाबाटै हुने समझदारीपत्रमा उल्लेख छ ।

करदाता सेवाकेन्द्रलाई दक्ष बनाउने कार्यमा आन्तरिक राजश्व कार्यालय हेटौंडाले सहयोग गर्ने, करशिक्षा प्रदान गर्ने तथा 'कर दाता सेवा कार्यालयबाट प्रदान गरिने सेवाहरु स्थानीय तहबाट प्रदान गर्ने सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०८२' बमोजिमका कार्यहरु नगर पालिकाले गर्ने समझदारीपत्रमा उल्लेख छ । कार्यक्रममा थाहा नगर पालिका प्रमुख प्रशासकीय अधिकृत पौडेल, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाल तथा शाखा प्रमुखहरु र कर्मचारीको उपस्थिति रहेको थियो ।

## सहकारी संस्थाहरु एकीकरण हुनेसम्बन्धी

**सूचना । सूचना ।। सूचना ।।।**

दुबै संस्थाको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको संचालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको संचालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरु समेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजाँच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनको साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

एकिकरण गरिने सस्था:

☞ श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-८
☞ श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१

साधारण सभा हुने: **मिति** : २०८३/२/२ गते, शनिबार
**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा-८
**समय** : बिहान ११:०० बजे

## वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्काले डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय मकवानपुर
हेटौंडा, नेपाल

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८


स्वर्गद्वारी महिला पञ्चेबाजा समूह
हेटौंडा-१, मकवानपुर



हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)